# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आलिताल गाउँपालिका

## डडेल्धुरा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आलिताल गाउँपालिका

डडेल्धुरा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आलिताल गाउँपालिका

## डडेल्धुरा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदुरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ६९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

डडेल्धुरा ।

१. **कैफियत सहितको राय** - हामीले **आलिताल गाउँपालिकाको** आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ३७ लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु ४० लाख ६७ हजार फछ्र्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ११ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. ९७ लाख ४६ हजार र पेश्की बाँकी रु. ६९ लाख ७५ हजार समेत रु. १ करोड ९७ लाख ६९ हजार रहेको छ । यस गाउँपालिकाको

गतवर्ष सम्म रु. ११ करोड ७ लाख ७४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ८४ लाख ३९ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने आलिताल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखा (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **गाउँपालिकाको** व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

आलिताल गाउँपालिकाको,
डडेल्धुरा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ८५ | २३७४४ | ० | ५ | ४०६७ | ७० | ८० | १९७६९ | ११८३ | ९७४६ | १८६५ | ० | ० | ११६११ | ६९७५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | ११०७७४ | ० | २८५०४ | ८२२७० | ६४०० | १९७६९ | १०८४३९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | विभिन्न | प्रमाण | ४०६६८०९।५१ |
| | चालु वर्षको जम्मा | | | ४०६६८०९।५१ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | विभिन्न | असुल / प्रमाण | ९५०३९१३।०० |
| | २०७७।७८ | विभिन्न | असुल / प्रमाण | १९००००००।०० |
| | गत विगतको जम्मा | | | २८५०३९१३।०० |
| | कुल जम्मा | | | ३२५७०७२२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** -स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आलिताल गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु आलिताल गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ जना निर्वाचित जनप्रतिनिधिहरु रहेका छन । यस गाउँपालिकामा २९२.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार १ सय २५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१९ देखि २०८०।५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. ९२ करोड ९६ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ

**(छ) लेखापरीक्षण-** यस पालिकाको आर्थिक वर्ष २०७९।८०को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०८०-०५- २२ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

**(झ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा बढी भुक्तानी भएको पोशाक भत्ता रू.१०,०००। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सेवा प्रवाह स्थिती**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ०० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५८९ |
| मृत्युदर्ता | १०५ |
| बसाईसराई दर्ता | १५९ |
| विवाह दर्ता | १८१ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |

| | |
|---|---|
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नुपर्दछ ।

२.२ **सुचना प्रविधिको प्रयोग र व्याकअप प्लानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउन र लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न सफ्टवेयर प्रणाली, राजश्व सुचना व्यवस्थापन प्रणाली (RMIS), विद्युतिय सरकारी लेखा प्रणाली (CGAS), सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लगायतका प्रणालीहरु सञ्चालनमा ल्याएको देखिन्छ । केही सरकारी र केही निजी कम्पनीका प्रोटलहरु सञ्चालनमा ल्याएको देखिन्छ । यसरी गैर सरकारी प्रणालीहरु सञ्चालनमा ल्याउनु पूर्व सूचना प्रविधि विभागबाट स्विकृती लिएको देखिएन । यसको साथै डाटा व्याकअपको पर्याप्त व्यवस्था गरेको पाइएन । सूचना प्रविधि विभागबाट पुर्व स्विकृति लिने र डाटाको व्याकअपको पर्याप्त व्यवस्था कायम गर्न तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

## ३ बजेट तथा कार्यक्रम

३.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.२ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ४२,७४,२४४।२३ राजस्व बाँडफाँड र अनुदानबाट रू ७,८९,७४,७०९।०३ समेत रु ३९,२८,३८,५०४।५६ आम्दानी भएकोमा चालु तर्फ रु २७,९०,८३,८८३।४५ र पूँजिगत तर्फ रु १०,५५,१५,५९७।०० समेत रु ३९,६८,९८,१७१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु ७०,१६,५००।०० खर्च भएको छ जुन आन्तरिक आय भन्दा ६४ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०।३१प्रतिशत चालु र २९.६८ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ

३.३ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेटउपशीर्षक** | **कुलखर्च** | **त्रैमासिकखर्च** | | | | **आषाढमहिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुंजीगतखर्चतर्फ | १०५५१५ | २८४६ | ११४३९ | ३३४५२ | ५७७७७ | ३३५७८ |
| प्रतिशत | | २.७ | १०.८४ | ३१.७० | ५४.७५ | ३१.८२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रथम त्रैमासिकमा रु.२८४६ (२.७० प्रतिशत), दोस्रो त्रैमासिकमा रु ११४३९ (१०.८४ प्रतिशत) तेस्रो त्रैमासिकमा रु ३३४५२ (३१.७०.प्रतिशत) र चौथो त्रेमासिक रू ५७७७७(५४.७५प्रतिशत), खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु३३५७८( ३१.८२ प्रतिशत) खर्च देखिनुले आषाढमा आए. खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३.४ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४६१,,४९,०००।०० | ३,१५,२६,४३९।०० | ८।१९ |
| पूर्वाधार विकास क्षेत्र | ९,१५,०१,८६८।०० | ४,,८०,२१,३१५।०० | १२।४८ |
| सामाजिक क्षेत्र | २३,९३,८९,६१९।०० | २०,५४,४८१११.६० | ५३।४१ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | ३,७१,९५,८४९।०० | ३,२४,८९,३१९।०० | ८।४४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८,९२,८४,०२१।०० | ६,७१,१४,२९५.८५।०० | १७।४५ |
| **जम्मा** | **५०,३५,२०,३४९।००** | **३८,४५,९९,४८०.४५** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ५३.४१ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ८.४४प्रतिशत रहेको छ ।

३.५ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका गरी कुल २४५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २४५ | ० | २० | २२५ |

३.६ **रकमान्तर -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐन २०७९ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम विभिन्न शीर्षकमा कुल रू ३ करोड ६५ लाख ९५ हजार अर्थात कुल बजेट रू ४८ करोड.७० लाख २० हजारको. ७.५१ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

४ **बित्तिय परिक्षण**

४.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नु पर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,०२,१४,८८८।०० स्थानिय तह प्रशासकिय भवन पूवार्धार विकास कार्यक्रम रू ७२,१७,९८८।०० र गरिबसंघ बिश्वश्वर कार्यक्रममा रू ४,३१,८५७।००समेत गरी रु ६,९९,६४,७३३।०० सुत्रमा लेखाङ्कन गरेको छैन ।

जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.३ **फरक हिसाब–**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु २,४२,१७,४८०।७३यस वर्षको प्राप्ति रु ४६,२८,०३,२३७।५६यस वर्षको भुक्तानी रु ४६,६८,६२,९०४।४७ र बैङ्क मौज्दात रु २,०१,५७,८१३।५९रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २,४२,१७,४८०।७३ | ३९,२८,३८,५०४।५६ | ३९,६८,९८,१७१।७० | २,०१,५७,८१३।५९ |
| एकीकृत आर्थिक विवरणअनुसार | २,४२,१७,४८०।७३ | ४६,२८,०३,२३७।५६ | ४६,६८,६२,९०४।७ | २,०१,५७,८१३।५९ |
| फरक | | ६,९९,६४,७३३।०० | ६,९९,६४,७३३।०० | |

४.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु २,१५,११,२३५।८६ मौज्दात रहेकोमा यो वर्ष रु २,४२,१७,४८०।७३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २७,०६,२४४।८७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

४.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| **सि न** | **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | १,५५,५८,६७०।६४ | १,५५,५८,६७०।६४ | |

| | | | | |
|---|---|---|---|---|
| २ | चालु खर्च खाता | ००।०० | ४,७४,५१६।०० | |
| ३ | पुँजीगत खर्च खाता | ००।०० | २२,६९,३२१।०० | |
| ४ | स्थिनिय तह व्यवस्थापन खाता | २,८७,७३२।२० | २,८७,७३२।२० | |
| | बिबिध कोष खाता | १५,११,५८४।७५ | १५,११,५८४।७५ | |
| ५ | बिबिध खर्च खाता | १,८६२।०० | १७,७८,५५३।०० | |
| ६ | धरौटी | २७,९७,९६४।०० | २७,९७,९६४।०० | |
| ७ | ग१.१, आन्तरिक राजस्व खाता | ००।०० | ३,२१,५५१।०० | |
| | जम्मा | २,०१,५७,८१३।५९ | २,४९,९९,९००।५१ | ४८,४२,०८७।०० |

बैक र श्रेस्ता अनुसार फरक देखिन्छ । अत पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

---

४.६ **लक्ष्य प्रगति -** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पुजिगत गरी १०२१ कार्यक्रम रहेकोमा १७८ कार्यक्रममा शुन्य प्रगती प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

---

५ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु ३४,८१,१९८।०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

---

६ **धरौटीतर्फ** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि

मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस पालिकाले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु.११९०७८९ धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू. ९५०३५३

| क्र.सं. | गो. भौ.न. मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | ६/२०७९-०५-२९ | सिताराम निर्माण सेवा | मु.अ.कर समायोजन प्रमाण नभएको | २९१८३३ |
| २ | ७/२०७९-०५-२९<br>८/२०७९-०५-२९ | विपिन निर्माण सेवा | मु.अ.कर समायोजन प्रमाण नभएको | ६५८५२० |
| जम्मा | | | | ९५०३५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५०,३५३ |

७ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोपाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिको गठन गरेको पाइएन,

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई त्रैमासिक रुपमा कर दाखिला गर्ने गरेको पाइयो,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· कन्टेन्जेन्सी योजना तथा कार्यविधि तयार गरी व्यवस्थित गरेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि यस पालिकाले सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाइ लागू गरेको देखिएन,

· उपभोक्ता समितिको स्थायीरुपमा दर्ता गरेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,

· वेरुजुको लगत अद्यावधिक गरी व्यवस्थित रुपमा अभिलेख राखेको पाइएन,

· स्थानीय सार्वजनिक लेखा समिति गठन गरी बेरुजु फछ्र्यौटको कार्यदल बनाएर कार्यान्वयन गर्ने गरेको भेटिएन,

· न्यायिक समिति मेलमिलाप कक्षको व्यवस्था गरेको छैन,

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।

आन्तरिक नियन्त्रण कमजोर हुँदा पालिकाको वित्तीय सुशासन तथा समग्र सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि भइ सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व कायम हुन सक्दैन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ८ कानून निर्माण तथा न्याय सम्पादनको स्थिति

८.१ **कानुन निर्माणको अवस्था -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था छ भने सोही ऐनको सोही दफाको उपदफा २ मा ऐनको अधिनमा रही कार्यापालिकाले आवश्यकतानुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । सोही ऐनको सोही दफाको उपदफा ३ बमोजिम स्थानीय तहले बनाएको कानुन स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले दिएको विवरण अनुसार हालसम्म १२ ऐनहरु, ३ नियमावलीहरु, ४० कार्यविधिहरुसहित जम्मा ५५ वटा कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आर्थिक वर्ष २०७९।८० मा आर्थिक ऐन र विनियोजन ऐन गरी २ ऐनहरु निर्माण भएको देखिन्छ । हालसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बन्न सकेको देखिएन ।निर्मित कानुनहरुलाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेमा सो गरेको पाइएन । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी सामञ्जस्यता र तादाम्यता कायम गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

८.२ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था -** यस पालिकाको न्यायिक समितिले हालसम्म २५ वटा उजुरी दर्ता भएकोमा १९ वटा उजुरीको मेलमिलाप गरेको पाईन्छ । आ.व. २०७९।८० मा १० वटा उजुरी दर्ता भएकोमा ४ वटा उजुरीहरुको मेलमिलाप भई ६ वटा उजुरीको किनारा लगाउँन बाँकी रहेको विवरण पालिकाले उपलब्ध

गराएको छ । यस पालिकाको न्यायिक समितिले आ.व. २०७९।८० मा ४० प्रतिशत मात्र मेलमिलाप भएको देखिन्छ । यसर्थ बाँकी मुद्धा फस्यौट गर्न तर्फ ध्यान दिनुपर्दछ।

९ **आन्तरिक आम्दानी** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहले आफ्नो क्षेत्रको राजश्वको अनुमान गर्ने र त्यसबाट राजश्व प्राप्त गर्नसक्ने व्यवस्था छ । यस पालिकाले सुनखोला र रंगुन नदिबाट ढुङ्गा गिट्टी वालुवाको उत्खनन् घाटगद्दि र बिक्रिको लागि ठेक्का व्यवस्थापन गर्ने अभिप्रायले प्रारम्भिक वातावरणि प्रभाव मुल्याङ्कन गर्नको लागि रिभा इन्भारोमेन्टल एण्ड इन्जिनियरिङ्ग भिमदत्त नगरपालिका कञ्चनपुरसँग सम्झौता गरेको देखिन्छ । उक्त IEE प्रतिवेदनले सुनखोलाक्षेत्रबाट ४१५२३ घनमिटर र रंगुन नदिक्षेत्रबाट ४२२५२ घनमिटर परिमाण उत्खनन गरी बिक्रि गर्न सक्ने अवस्था छ । सो प्रतिवेदन बमोजिक सुनखोलाबाट १२५०० घनमिटर र रंगुन नदिक्षेत्रबाट १७५०० घनमिटर उत्खनन् र बिक्रि गर्ने गरी ठेक्का व्यवस्थापन गर्नको लागि तिन पटक सम्म सूचना प्रकाशन गर्दा पनि कुनै व्यक्ति फर्म संस्था वा कम्पनीले बोलपत्र पेश नगरेको पालिकाको भनाई रहेको छ । तत्पश्चात पालिकाले मिति २०७९।१०।०६ मा सुदुर पश्चिम प्रदेशको आर्थिक ऐनमा तोकेको दरमा अमानतबाट ढुङ्गा गिट्टि बालुवाको उत्खनन् र बिक्रि गर्ने निर्णय गरेको देखियो ।अमानतबाट ढुङ्गा गिट्टि बालुवाको उत्खनन् र बिक्रि गर्नको लागि ५० ठेली रसिद (सि नं ०१ देखि ५००० सम्म) छपाएको तथा उठाएको राजश्व मध्ये ३० प्रतिशत अमानतमा खटिने व्यक्तिलाई दिने भनी पालिकाले दिएको विवरणमा उल्लेख छ । मिति २०७९।१०।०६ च नं २०५४ को पत्रबाट सम्झौता बिना नै श्री चन्द्र बहादुर बोहोरालाई नदीको वास्तविक क्षेत्र नछुटयाइकन कर संकलनको जिम्मेवारी दिएको देखिन्छ । निजले पालिका मा रु ३२००।०० जम्मा गरेको छ । त्यस्तै बिर वहादुर बोहोराले रु ७५००।०० उठाई रु ५०००।०० मात्र राजश्व खातामा जम्मा गरेको देखियो । बिर वहादुरलाई जिम्मेवारी दिएको पत्र लेखापरीक्षणको समयमा पेश हुन सकेन ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुनको अधिनमा रही पालिकाका स्थायी कर्मचारीहरुलाई परिचालित र जिम्मेवार बनाई राजश्वको व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनु जरुरी छ ।

१० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौ प्रशासन १, अधिकृत छैटौ लेखा, सहायक पाँचौ ५, सव-ईन्जिनियर ३ सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

११ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संगठन तथा

व्यवस्थापन सर्भेक्षण नगरी पालिकाले विभिन्न ६० जना कर्मचारीहरु करारमा राखि रू.१,४४,९६,८२२।०० खर्च लेखेको छ ।

१२ **वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ६ | २ |

रिक्त वडा सचिवहरूको पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१३ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा यस वर्ष राजश्व बाँडफाँडवाट कर्मचारी कल्याण कोषमा गत वर्षसम्मको रू.१५,७३,००००। मौज्दात रहेकोमा रू. ९,६३,०००। खर्च भई रू.६,१०,०००। मौज्दात बाँकी रहेको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ।

१४ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष २३५ जनालाई रू.५,०००। देखि रू.५०,०००। सम्म रू.२५,००,०००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.४२,७४,२४४। को ५८.४९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१५ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रू.१,३५,४५२। खर्च गरेको छ। त्यस्तै विविध खर्चमध्ये सभा सञ्चालन कार्यमा मात्र रू.१,००,०००। खर्च गरेको छ । यस्तो खर्च औचित्यको आधारमा गर्नुपर्दछ ।

१६ **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम मिति २०८०।४।८ मा जिन्सी निरीक्षण समिति गठन भई मिति २०८०।४।१२ मा जिन्सी निरीक्षण गरि प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनले मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका १ एम्बुलेन्स, १ मोटरसाईकल, २ डेस्कटप कम्प्युटर, ८ ल्यापटप,६ प्रिन्टर लगायत ९ प्रकृतिका २७ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त

र दुरुस्त वनाउनु पर्नेमा सो गरेको देखिएन ।जिन्सी निरीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारवाही अगाडी वढाउनु पर्ने देखिन्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर पालिकामा ८ वटै वडा कार्यालयले छुट्टाछुट्टै Manual जिन्सी दाखिला गर्ने गरेको पाईयो।पालिका भित्रको सम्पत्तीको लेखाङ्कन एकिकृत रुपमा PAMS मा गर्नुपर्ने हुदा यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

१७ **सार्वजनिक सम्पत्तिको अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

१९ **जिन्सी लगत खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।

२० **वडा कार्यालयबाट सामाग्री खरिद -** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । नगरपालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्यावधिक हुन सक्दैन् । अतः एकिकृत रूपमा वडाहरुको जिन्सी सामाग्री खरीद गरी पाम्समा सबै सामाग्रीहरुलाई स्पेशिफिकेशन सहित खुलाएर राख्ने व्यवस्थाको पालना गर्नको लागि पालिकाले ध्यान दिनु पर्दछ ।

२१ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फस्यौंट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।यसका अतिरिक्त निर्माण व्यबसायीलाई मोबिलाइजेसन प्रयोजनका लागि दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) बमोजिम असुल फस्यौंट हुनुपर्ने रू.

| **क्र.स.** | **पेश्की लिएको मिति** | **गो. भौ.** | **पेश्की को विवरण** | **पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम** | **खर्च उपशीर्षक** | **जम्मा बाँकी पेश्की** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **म्याद ननाघेको** | **म्याद नाघेको** | **जम्मा** |
| **निर्माण व्यबसायी** | | | | | | | | |
| १ | २०७९।१२।०७ | १५२ | समपुरक कोष | डि.आर. कन्स्ट्रक्सन एण्ड बिल्डर्स | ३१११२ | ५,४५,२४०। | ० | ५,४५,२४०। |
| २ | २०८०।०३।२१ | ८० | गांखेत स्वास्थ्य चौकी निर्माण तथा स्तरोन्नती | सिताराम डोलारी जे.भी. | ३१११२ | ० | १९,७५,४००। | १९,७५,४००। |
| **उपभोक्ता समिति** | | | | | | | | |
| ३ | २०८०/०२/०९ | ५० | सुवाखान खा.पा. आ., डडेल्धुरा | सुवाखान खानेपानी उ.स. | ३११५६ | ३००००० | ० | ३००००० |
| **जम्मा** | | | | | | **३००००००** | **०** | **३०००००** |

| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २०८०।०३।३१ | - | पशासकिय भवन निर्माण | वाइ.आर.।पन्त जे.भि. | - | ० | ५०,००,०००। | ५०,००,०००। |

पुरानो पेश्की - पालिकाले गत विगत देखिको म्याद नाघेको र ननाघेको पेश्कीको लगत अद्यावधिक राखि पेश्की फस्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुपर्ने हुदाँ यसतर्फ पालिकाको ध्यान जानु पर्दछ।

.......(.मिति **२०८१-१-२** मा **एम.एस. दीप जे भी** को २,९७५,००० सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको)

| | |
|---|---|
| पेश्की | ६९,७५,४०० |

२२ **फरक खर्च शीर्षक**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शीर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले निम्नाअनुसार फरक शीर्षकवाट खर्च गरेको देखिएकोले उपरोत्त नियम बमोजिम अनियमित देखिएको रू.

| **सि.नं.** | **भौ.नं. मिति** | **खर्चको विवरण** | **वजेट खर्च** | **खर्च लेखेको शीर्षक** | **खर्च लेख्नुपर्ने शीर्षक** |
|---|---|---|---|---|---|
| १ | २६१-२०७९।०८।१६ | विविध खर्च भुक्तानी | **१२,०००।** | सवारी साधन तथा मेशिनरी औजार भाडा | विविध खर्च |
| **जम्मा** | | | **१२,०००।** | | |

| | |
|---|---|
| अनियमित भएको | १२,००० |

२३ **दहगाड जलविद्युत्त योजनाको कर्मचारिलाई रकम भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। निम्न भौ.नं. र मितिमा २०७९।०८।१८ को वडा समितिको निर्णय अनुसार दहगाड जलविद्युत्त योजनामा कार्यरत २ जना कर्मचारीलाई बार्षिक जम्मा रू.२,५१,४९०। भुक्तानी भएको छ। आयोजना कार्यालयवाट भुक्तानी गर्नुपर्ने कार्यमा पालिकाले कर्मचारी नियुक्त गरी पारिश्रमिक भुक्तानी गर्ने कार्य मनासिव नदेखिएको रू.

| **क्र.सं.** | **भौ.नं. र मिति** | **भुक्तानी रकम** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ३९५-२०७९।०९।११ | १,२५,०००। |
| २ | ८४२-२०७९।१२।२४ | ८३,४००। |
| ३ | १२८२-२०७९।०३।२० | ४३,०९०। |
| **जम्मा** | | **२,५१,४९०।** |

| | |
|---|---|
| अनियमित भएको | २,५१,४९० |

२४ **जरिवाना (बीमा नविकरण)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न भौ.नं. र मितिवाट सवारी साधनको विमा नविकरण ढिलो गरेकोले जरिवाना स्वरूप रू.३७,०३०। भुक्तानी गरेको छ। यस्तो भुक्तानी मनासिव नदेखिएको रू.

| **क्र.स.** | **भौ.नं. र मिति** | **जरिवाना रकम** |
|---|---|---|
| १ | ९५-२०७९।०६।११ | २३४० |
| २ | ११०-२०७९।०६।३० | ९०० |
| ३ | १८५-२०७९।०७।२१ | ५५०० |
| ४ | १९६-२०७९।०७।२२ | २३४० |
| ५ | ५७०-२०७९।११।०२ | ६८६० |
| ६ | ८८०-२०८०।०१।१४ | २५४० |
| ७ | ७८८-२०७९।१२।१६ | १६५५० |
| **जम्मा** | | **३७,०३०।** |

२५ **कट्टा गर्न बाँकी स्थानीय भत्ता** (५४७-२०७९-१०-२९):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिमा स्थानीय भत्ता, फिल्ड भत्ता लगायत अन्य कुनै पनि किसिमका भत्ता नपाउने उल्लेख छ। अ.स.ई. टेक वहादुर राना लाई मिती २०७९।१०।१२ देखि २०७९।१०।२२ सम्मको भ्रमण आदेश बमोजिम रू.१२,३००। दैनिक भ्रमण भत्ता भुक्तानी भएकोमा सो अवधिको फिल्ड भत्ता समेत भुक्तानी भएकोले भुक्तानी भएको फिल्ड भत्ता रू.३,७५८। असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,७५८ |
|---|---|

२६ **भ्रमण खर्च -** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ कमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू. । खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छनः

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्सनीय आधार नदेखीएको,

- भ्रमण प्रश्चात तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,

- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको।

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ।

---

२७ **सम्परीक्षणबाट कायम बेरूजु**

**जनश्रमदान -** सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर**,** ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । पालिका को आर्थिक वर्ष २०७८।७९ को बेरूजु दफा ४६ सम्परिक्षणको लागी पेश भएकोमा निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको असूल गर्नु पर्ने देखिएको रू

| सि न | बिधालयको नाम | मुल्याङन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिक कट्टीरकम | शीर्षक |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती मा बि ४ कोठे भवन निर्माण | ३८२५२६९।४९ | ३८२५२६ | २२५२६९ | १५७२५७ | सर्शत |
| २ | भुवनेश्वरी मा बि ४कोठे भवन निर्माण | ३९४३९२६ | ३९४३९२ | ३४३९२८ | ५०३६४ | |

| असुल गर्नुपर्ने | २,०७,६२१ |
|---|---|

२८ **कार्यक्रम सम्पन्न प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। विभिन्न मितिमा सञ्चालित निम्न कार्यक्रमका लागी वडा नं. ५ र ७ का सचिव क्रमशः खेमराज जोशी र धन वहादुर मडैलाई रू.९९,३६०। भुक्तानी भएकोमा कार्यक्रम सम्पन्न प्रश्चात कार्यक्रम सम्पन्न प्रतिदेदन पेश नभएकोले प्रतिवेदन पेश हुनु पर्दछ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **कार्यक्रम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | ९३-२०७९।६।११ | गौरा तिज विशेष कार्यक्रम | ६३,९००। |
| २२ २ | १०१-२०७९।६।२८ | | ३५,४६०। |
| **जम्मा** | | | **९९,४६९।** |

---

२९ **अन्य कार्यालयको खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आप्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। गाउँपालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.स.** | **भौ.नं. मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | १८६-२०७९।०७।२१ | गांखेत प्रहरी चौकी | ५०,४६६। |
| २२२२ २ | २०२-२०७९।०७।२२ | आलिताल चौकी | ३०,७९२। |
| ३ ३ | ३९९-२०७९।०९।१२ | धिमडा प्रहरी चौकी | ४५,१३०। |
| ४ | ८८५- २०८०।०१।१४ | अस्थायी प्रहरी पोष्ट धिमडा | ५०,०००। |
| ५ | ९५३-२०८०।०१।२५ | आलिताल प्रहरी चौकी | ३३,२५१। |
| **जम्मा** | | | **२,०९,६३९।** |

---

३० **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ।

पालिकाले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी निम्नानुसारको रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गरी खर्च लेख्नु पर्दछ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **आपुर्तिकर्ताको नाम** | **भुक्तानी रकम रू.** | **विवरण** |
|---|---|---|---|---|
| १ | ९९१-२०८०।०२।०७ | पिडि अर्थमुभर्स | ९,३७,४८१। | जे.सि.वी. मर्मत वापतको रकम भुक्तानी। |
| २ | १२५०-२०८०।०३।१८ | नेपाल अटो ट्रेडर्स | १,१३,८३५। | स्कारपियो र एम्बुलेन्स मर्मत |
| **जम्मा** | | | **१०,५१,३१६।** | |

## ३१ फस्यौंट गर्न बाँकी आ.ले.प. बेरूजु

३१.१

| **क्र.सं.** | **बेरूजुको व्यहोरा** | **रकम** |
|---|---|---|
| १ | स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। तर यस पालिकाले यो वर्ष देहायका कर्मचारीहरुको नाममा पेश्की निकासा र अन्य गरि रु २३९७५१३। विभिन्न व्यक्ति तथा संघ संस्थालाईआर्थिक सहायता वितरण गरेकोपाईयो । यसरि आर्थिक सहायता खर्च लेख्ने कार्य नियम सम्मत नदेखिएको रू. | ३,०९,४२०। |

| क्र.स. | नाम | पेश्की रकम | खर्च | फिर्ता |
|---|---|---|---|---|
| १ | देविसरा सारु | ७००००० | ५७४००० | १२६००० |
| २ | ज्ञान ब. खडका | ३००००० | २६०००० | ४०००० |
| ३ | मेखराज जोशी | २५०००० | २५०००० | ० |
| ४ | जयलाल सिंह साहु | ११०००० | ११०००० | ० |
| ५ | धन ब. मडै | ३७५००० | ३७५००० | ० |
| ६ | दिपक ब. बोहरा | ४०००० | ४०००० | ० |
| जम्मा | | १७७५००० | १६०९००० | १६६००० |

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर यस पालिकाले यो वर्ष विभिन्न व्यक्ति तथा संघ संस्थालाई विविध खर्चशीर्षकबाट रु ३०५४२०। आर्थिक सहायता वितरण गरेको देखिएकोले उक्त रकम अनियमित देखिएको ।

| | | |
|---|---|---|
| २ | मिति २०७९।१०।२९,२०८०।१।१४, २०८०।३।१६,२०८०।३।२३सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन,२०७५ मा स्थानीय तहका पदाधिकारीले भान्से राख्ने सम्बन्धि कुनै व्यवस्था रहेको देखिदैन । तर गाउँपालिकाका अध्यक्षले आफ्नो आवासमा दैनिक ज्यालादारीमा संगिना वि.क. लाई भान्सेको जिम्मेवारी दिई कार्तिक देखि असाढ सम्मको ज्याला रु १४७१२६। भुक्तानी भएको देखिएकोले ऐन विपरित भुक्तानी भएको रकम अनियमित देखिएको रू. | १,४७,१२६। |
| ३ | मिति२०७९।१०।२९,२०७९।१०।२९,२०७९।१०।२९,२०७९।१०।२९ ,२०७९।१०।२९, २०७९।११।१४, २०७९।११।१४, २०७९।११।१६, २०७९।११।१६, २०७९।११।१८, २०७९।१२।१५, २०८०।१।१४<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दीको सिर्जना गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण सभाबाट स्वीकृत नगराई मिति २०७९।६।१२ को कार्यपालिकाको निर्णय बमोजिम १२ जनालाई सामाजिक परिचालकको रुपमा जिम्मेवारी दिई रु ४५४५६५। भुक्तानी गरेको रकम अनियमित देखिएको रू. | ४,५४,५६५। |
| ४ | मिति २०८०।०२।२३ यस कार्यालयले यस क्षेत्रका सम्पुर्ण विद्यालयहरुमा कराटे र मार्सलआर्ट खेलाउन दुई जना प्रशिक्षकलाई करार सेवामा नियुक्त गरी खेलकुद गतिविधि संचालन गर्दै आएको छ । तर वडा नं. ३ ले छात्रा आत्म सुरक्षा तालिम संचालन गरेको भनि विर बहादुर सारुमगरलाई रु ४४६८२ । भुक्तानी दिएकोमा दुई जना प्रशिक्षक हुदाहुदै तेस्रो पक्षबाट सेवा लिइ कार्यालयलाई थप व्ययभार थपेको रकम अनियमित देखिएको रू. | ४४,६८२। |
| **जम्मा** | | ९,५५,७९३। |

| | |
|---|---|
| अनियमित भएको | ९,५५,७९३ |

३१.२

| **क्र. सं.** | **व्यहोरा** |
|---|---|
| १ | **परामर्श सेवा** :सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ११००७६९५ खर्च लेखेका छन । गाउँपालिकाले |

स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम (मू.अ. कर सहित)** |
|---|---|---|
| स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क मापदण्ड २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | ३०००० |
| प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | ३०००० |
| गरिब विपन्न व्यक्तिहरुलाई राहात वितरण सम्बन्धि कार्यविधि २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | ३०००० |
| कृषक समूह गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर (दत्त बोहरा) | ९५००० |
| महिला स्वयम सेविका कार्यविधि २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | २५००० |
| संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि., काठमाणडौ | ३९६०६५ |
| आलिताल गा.पा. को भू-उपयोग तर्जुमाका लागि स्वीकृत कार्य क्षेत्रगत शर्त, २०७९ | घण्टेश्वर ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. भक्तपुर | ९९२७०५ |
| गुनासो व्यवस्थापन प्रणाली (नमस्ते अध्यक्ष ) | दैलो टेक्नोलोजीज प्रा.लि. कमलादि, काठमाडौं | ४९८३३० |
| जम्मा | | २०९७१०० |

२ **डिपिआर खर्च :** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाहरुको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरि प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष देहायबमोजिमको कार्य परामर्श दाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम (मू.अ. कर सहित) |
|---|---|---|
| वडा नं. ५,६,७ को वडा कार्यालय को थ्रिडि ड्रईङ तथा इस्ट्रक्चर ड्रइङ | ईलाइट ईन्जिनियरिङ्ग सोल्युसन, महेन्द्रनगर | ४०११५० |

| | | |
|---|---|---|
| बाहिरिसैन-भित्रिसैन-सिराडी रिङ रोड डिपिआर | शुभम डेभलपर्श पणड सप्लायर्स प्रा.लि. धनगढी | १९५८७४२ |
| जाल्टुणा ग्वान्नी सुकमुल्ले रोड डिपिआर | एसेन्ट विल्डर्स एण्ड कन्सलट्यान्ट पा.लि. धनगढी | १९४५०१२ |
| घरेलु खिन्नेभाडि रोड डिपिआर | एच.एम.ईन्जिनियरिङ्ग एण्ड कन्सल्टिङ एलाईन्स प्रा.लि.काठमाडौं | १८९१४६१ |
| मेलगाँजा पार्क डिपिआर | त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रा.लि. धनगढी | ६००००० |
| गाङ्खेत हेल्थपोष्ट डिपिआर | ईलाइट ईन्जिनियरिङ्ग सोल्युसन, महेन्द्रनगर | ४८५९०० |
| भाडि खानेपानि योजना डिपिआर | भागेश्वर विल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.लि. धनगढी | ७४८०६० |
| सुनखोला जुँगेखोला आई.ई.ई | रिभा इन्भाइरोमेन्टल एण्ड ईन्जिनियरिङ्ग, महेन्द्रनगर | १३७८६०० |
| रंगुन खोला नदीको डिपिआर | दृष्टि आर्किटेक्टस एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. | १४८०३०० |
| सुनखोला जुँगेखोला तटबन्ध निर्माण योजना डिपिआर | द डिजाइन इन्फिनिटी कन्सल्सटयान्टस, कंचनपुर | १९७७५०० |
| जम्मा | | १२८६६७२५ |

३ स्थानीय तहले कुनै पनि अनुदान दिदा निश्चित मापदण्ड तथा कार्यविधि बनाई दिनु पर्ने, अधिकांश जनतालाई लाभ हुने क्षेत्रमा दिनुपर्ने तथा अनुदान उद्देश्य अनुरुप खर्च भए नभएको अनुगमन गर्नु पर्दछ । तर यस गा. पा. ले अनुदानको सूचना आह्वान नै नगरि एउटै वडाका देहायका तिन जना व्यावसायीहरुलाई गो.भौ.नं. ७३६/२०७९।१२।९, १३२१/२०८०।३।२२ र १३२२/२०८०।३।२२ बाट रु ११०४०००। अनुदान वितरण गरेको देखिएको देखिएकोले अब उप्रान्त यस्ता वितरण मुखि कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

१. लाटो डाडा बाग गारमेन्ट उद्योग आलिताल ८ रु ५५६०००।

२. उन्नत जर्सी गाईपालन समूह आलिताल ८ रु २०००००।

३. न्यु मनसुन जेन्स पार्लर आलिताल ८ रु ३४८०००।

४ **<u>गा.पा. चालु :</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। तर यस पालिकाले यो वर्ष देहायका

कर्मचारीहरुको नाममा पेश्की निकासा र अन्य गरि रु २३९७५१३। विभिन्न व्यक्ति तथा संघ संस्थालाईआर्थिक सहायता वितरण गरेकोपाईयो । यसरि आर्थिक सहायता खर्च लेख्रे कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| क्र.स. | नाम | पेश्की रकम | खर्च | फिर्ता |
|---|---|---|---|---|
| १ | देविसरा सारु | ७००००० | ५७४००० | १२६००० |
| २ | ज्ञान ब. खडका | ३००००० | २६०००० | ४०००० |
| ३ | मेखराज जोशी | २५०००० | २५०००० | ० |
| ४ | जयलाल सिंह साहु | ११०००० | ११०००० | ० |
| ५ | धन ब. मडै | ३७५००० | ३७५००० | ० |
| ६ | दिपक ब. बोहरा | ४०००० | ४०००० | ० |
|  | जम्मा | १७७५००० | १६०९००० | १६६००० |

५ **राजस्व :**

आलिताल गा.पा. को आर्थिक ऐन, ०७९।०८० मा कार्यालयको ब्याक हो लोडर प्रयोग गरे बाफत कार्यालयले इन्धन उपलब्ध गराएमा प्रति घण्टा रु २०००। र निर्माणकर्ता स्वयमले इन्धन हालेमा प्रति घण्टा रु ३०००। का दरले कार्यालयमा राजस्व दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर देहायका निर्माण व्यावसायि तथा व्यक्तिहरुले कार्यालयको ब्याक हो लोडर प्रयोग गरि समयमै राजस्व दाखिला गरेको नदेखिएकोले तिनिहरुबाट रु ३२६५००। असुल गरि कार्यालयको आन्तरिक राजस्व खातामा दाखिला हुनु पर्दछ ।

१. गणेश कामी २.५ घण्टा रु.७५००।
२. गोदाम खा. पा. तथा मुल १६.५ घण्टा रु.३३०००।
३. वडा नं.५ को निर्माणाधिन भवन ४ घण्टा रु.८०००।
४. गोरीया खोला तटबन्ध नि.उ.स. ९ घण्टा रु.२७०००।
५. मौरी कुलो सि.यो. ४.५ घण्टा रु ९०००।
६. मौरी लिप्ट सि.यो. ५ घण्टा रु १००००।
७. एम.वि.कन्स्ट्रक्सन ( खेल मैदान ) १५.५ घण्टा ( जम्मा १२४ लि. ईन्धन प्रयोग भएको जस मध्ये ७३ लि. ठेकेदारले हालेको र बाँकी ५१ लि. कार्यालयको प्रयोग भएको ) रु ३७५००।
८. सुरेन्द्र बोहरा (सुनखोला - मेलगाजा सडक ) ३७ घण्टा ( जम्मा २९६ लि. ईन्धन प्रयोग भएको जस मध्ये २६० लि. ठेकेदारले हालेको बाँकी ३६ लि. कार्यालयको प्रयोग भएको ) ७७५००।
९. सुरपाल नि.से. ( धारापानि सडक सफाई ) ३९ घण्टा रु ११७०००।

३१.३

| क्र.सं. | गो.भौ.नं. र मिति | व्यहोरा | रकम रु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ७/२०७९।५।२९ | विभिन्न मितिमा सूचना तथा संन्देश प्रशारण बाफत नयाँ विचार गोदावरी, कैलालीलाई रु १९२०००। भुक्तानी भएकोमा सोमा आय कर ऐन २०५८ अनुसार १५ प्रतिशतका दरले अग्रिम आय कर रु २८८००। कट्टी गर्नु पर्नेमा रु ५४८५। मात्र कट्टी भएकोले बाँकी रु २३३१५। उक्त पत्रिकाका प्रतिनिधि मनोज राउतबाट असूल हुनुपर्ने रु. | २३३१५ |
| २ | १४/२०७९।६।२ | विभिन्न स्कुलहरुलाई सामग्री वितरण गर्न लालिगुँरास सामुदायिक सिकाई केन्द्रले रु ९४५७६। को सामग्री खरिद गरेकोमा सो सामग्री वितरणको भरपाई पेश नभएकोले वितरण भरपाई पेश गर्नु पर्ने । साथै अनुदान रकम वितरण सम्बन्धि प्रस्तावना लेखेको रु २५००। भुक्तानी लिएकोमा सो लिन नमिल्ने भएकोले सो रकम सामाजिक परिचालक कमलि मल्लबाट असुल हुनुपर्ने रु. | २५०० |
| ३ | ५/२०७९।५।२७ | सवारी चालक नरेश मल्लले ईन्धन खर्च बाफत रु ६४२८१। भुक्तानी लिएकोमा खर्चको बिल भरपाई रु ६१२८१। को मात्र पेश गरेकोले बिल भरपाई बेगर बढी भुक्तानी रकम रु ३०००। निजबाट असुल हुनुपर्ने रु. | ३००० |
| ४ | १४४/२०७९।७।२ | कार्यालय परिसरमा पेन्टिङ र वृक्षारोण गरेको भनि सामाजिक परिचालक कृष्ण बहादुर धामीले रु ४३४३०। भुक्तानी लिएकोमा कार्यालय परिसर भित्र पेन्टिङ नभएको देखिएकाले पेन्टिङ बाफतको रकम रु ८९६०। निजबाट असुल हुनुपर्ने रू. | ८९६० |
| ५ | ३५३/२०७९।९।४ | स्वास्थ प्रमुख धन बहादुर क्षेत्रीले औषधिजन्य सामग्री ढुवानी, लोड अनलोड गरे बाफत रु ५५९५०। भुक्तानी लिएकोमा खर्चको बिल भरपाई रु ५४५५०। को मात्र पेश गरेकोले बिल भरपाई बेगर बढी भुक्तानी भएको रकम रु १४००। निजबाट असुल हुनुपर्ने रू. | १४०० |
| ६ | ६६१/२०७९।११।१७ | सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधकिारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ मा स्थानीय तहका पदाधिकारीले कार्यपालिका बैठकमा सहभागि भए बाफत आवास र खाना खर्च पाउने व्यवस्था रहेको देखिदैन । तर वडा | ५७१३ |

| | | | |
|---|---|---|---|
| | | अध्यक्ष यज्ञ बहादुर देउवाले कार्यपालिका बैठकमा सहभागि भए बाफत आवास र खाना खर्च रु ५७१३। भुक्तानी लिएको रकम ऐन विपरित भएकोले निजबाट असुल हुनुपर्ने रु. | |
| ७ | ६९३/२०७९।११।१९ | भूमि सम्बन्धि फाराम चेक जाच गर्न आएका भूमि आयोगका पदाधिकारीहरुलाई गाडी उपलब्ध गराएको भनि गाडी भाडा बाफत वडा सचिव मेखराज जोशीले रु ९०००। भुक्तानी लिएकोमा जिल्ला भूमि आयोगका पदाधिकारिलाई स्थानीय तहबाट गाडी भाडा दिने भन्ने व्यवस्था नरहेकोले रु ९०००। निज वडा सचिवबाट असुल हुनुपर्ने रु. | ९००० |
| ८ | ७४७/२०७९।१२।१० | ५० प्रतिशत अनुदानमा आलुको बिउँ खरिद गर्न चेतना साना किसान कृषि सहकारि संस्था लि. लाई रु १४१२००। भुक्तानी भएकोमा कार्यालयले व्यहोर्नुपर्ने रकम रु ४०००। बढी भुक्तानी भएकोले असुल हुनुपर्ने । साथै छनौटका लागि आह्वान गरेको सूचना र सम्झौता पेश गर्नुपर्ने रु. | ४००० |
| ९ | ७६२/२०७९।१२।१३ | जिल्ला भूमि आयोगका अध्यक्ष शेर बहादुर भण्डारी र नापी कार्यालयका प्रमुख महादेव भट्टले मिति २०७९।११।५ ऐ १०,२८ र २०७९।१२।९ गरि चार पटक डडेल्धुरा देखि आलिताल सम्म गाडी प्रयोग गरेको भनि कार्यालयले टेक बहादुर ऐरलाई रु ३६०००। भुक्तानी दिइएकोमा भूमि आयोगका पदाधिकारीलाई स्थानीय तहबाट सेवा सुविधा दिने भन्ने कुनै स्पष्ट व्यवस्था नरहेकोले निज टेक बहादुर ऐरबाट उक्त रकम असुल हुनुपर्ने रु. | ३६००० |
| १० | ८८५/२०८०।१।१४ | कुकर, टेवक तथा अन्य सामग्री खरिद बाफतको रकम रु २९४५०। वडा सचिव उत्तरी साउँदलाई भुक्तानी भएकोमा सोमा आय कर ऐन २०५८अनुसार १५ प्रतिशतका दरले अग्रीम आय कर रु ४४१७। कट्टी हुनुपर्नेमा रु ४४१। मात्र कट्टी भएकोले बाँकी रु ३९७६। वडा सचिवबाट असुल हुनु पर्ने रु. | ३९७६ |
| ११ | १०५९/२०८०।२।२३ | वडा नं. ५ को विभिन्न शीर्षकमा भएको खर्च रकम रु १२१७८४। वडा सचिव मेखराज जोशीलाई भुक्तानी | ३१५० |

| | | | |
|---|---|---|---|
| | | भएकोमा रु २१०००। को कम्प्युटरका पाट पुर्जा खरिद गरेकोमासोमा नियमानुसार लाग्ने १५ प्रतिशत अग्रीम आयकर रु ३१५०। असुल हुनुपर्ने रु. | |
| १२ | १३४४/२०८०।३।२३ | वडा सचिव उत्तरी साँउदले खाना खाजा खर्च बाफत रु १०७००। भुक्तानी लिएकोमा रु १९५००। को कम्प्युटर सामग्री तथा अन्य सामग्रीको प्यान बिल पेश गरेकोमा सोमा आय कर ऐन २०५८ अनुसार १५ प्रतिशत अग्रीम आय कर रु ४०६५। कट्टी हुनुपर्नेमा रु ४०६। कट्टी भएकोले बाँकी रु २९२५। असुल हुनुपर्ने रु. | २९२५ |
| १३ | १३९२/२०८०।३।२४ | इन्धन र पानि बाफतको रकम रु २२७०५। वडा अध्यक्ष बल बहादुर बुढालाई भुक्तानी भएकोमा खर्चका बिजक रु १६०५०। को मात्र पेश भएकोमा बिजक बेगरको बढी भुक्तानी रु ६६५५। निजबाट असुल हुनुपर्ने रु. | ६६५५ |
| १४ | १०२/२०७९।९।२८ | यस कार्यालयको कार्यपालिका बैठक, गाउँ सभा मा खाना, खाजा खुवाएको भनि बि.आर.मदिरा एण्ड खुद्रा पसल आलिताल ८ गोदामले रु ४६९३१। भुक्तानी लिएकोमा उक्त खर्च बाफतको रकम क्यान्टेन संचालक तिलसरी थापामगरले लिई सकेकोले दोहोरो भुक्तानी खर्च लेख्ने अधिकारीलाई जिम्मेवार बनाई बि.आर.मदिरा एण्ड खुद्रा पसलबाट असुल हुनुपर्ने रु. | ४६९३१ |
| १५ | १५१/२०७९।११।१७ | आँखा, नाक, कान, घाटी सम्बन्धि विद्यालय शिक्षक तथा स्वयम सेविका अभिमुखिकरण गोष्ठीमा रु २००००। भत्ता वितरण गरेकोमा सोमा नियमानुसार लाग्ने १५ प्रतिशत पारिश्रमिक कर रु ३०००। स्वास्थ्य प्रमुख धन बहादुर क्षेत्रीबाट असुल हुनुपर्ने रु. | ३००० |
| १६ | १७९/२०७९।१२।१० | झोला खरिद बाफतको रकम रु २००००। स्वास्थ प्रमुख धन बहादुर क्षेत्रीलाई प्यान बिल पेश गरि भुक्तानी भएकोमा सोमा नियमानुसार लाग्ने १५ प्रतिशत अग्रीम आयकर रु ३०००। कट्टी हुनुपर्नेमा रु ३००। मात्र कट्टी भएकोले बाँकि रु २७००। निजबाट असुल हुनुपर्ने रु. | २७०० |

| | | | |
|---|---|---|---|
| १७ | १३४४/२०८०।३।२३ | वडा नं. १ मा संचालित समता र पहुच सम्बन्धि अभिमुखिकरण गोष्ठी बाफतको रकम रु २०६५०। सि.अ.न.मि. पार्वती विष्टले भुक्तानी लिएकोमा खर्चका बिल भरपाई रु १९३५०। पेश भएकोले बिल बेगर बढी भुक्तानी रु १३००। निजबाट असुल हुनुपर्ने रु. | १३०० |
| | २१७/२०७९।१२।२२ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत कार्यालयको ५० प्रतिशत र भगवती कृषक समूह वडा नं. २ को ५० प्रतिशत लागत साझेदारिमा आलु उत्पादनमा अनुदान दिने सम्झौता रहेको छ । त्यसमा कार्यालयले रु ५१४९५२। भुक्तानी दिनुपर्नेमा रु ५३००००। भुक्तानी दिएकोले बढी भुक्तानी रु १५०४८। समूहबाट असुल हुनुपर्ने रु. | १५०४८ |
| १८ | ३०९/२०८०।२।२२ | एउटै कार्यक्रममा तिलक सिंह कार्कि र पुजा विष्टलाई संयोजक भत्ता बाफत जनहि रु ४०००। का दरले रु ८०००। भुक्तानी भएकोले दोहोरो भत्ता रु ३४००। स्वास्थ्य प्रमुख धन बहादुर क्षेत्रीबाट असुल हुनुपर्ने रु. | ३४०० |
| १९ | ६९/२०८०।३।१ | मेलगाँजा पार्क निर्माण बाफतको रकम कर कट्टी गरि रु ९४२६६१। मेलगाँजा पार्क निर्माण उपभोक्ता समितिलाई भुक्तानी भएको देखिन्छ । जसमा नापि किताब तथा दर विश्लेषणमा निर्माण सामग्री ढुवानीमा रु१३८८८५। राखिएकोमा सो रकममा नियमानुसार १० प्रतिशतका दरले बहाल कर रु १३८८८। कट्टी हुनुपर्नेमा ८०००। मात्र कट्टी भएकोले बाँकी रु ५८८८। उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | ५८८८ |
| २० | ७२/२०७९।१०।२० | <u>**गा.पा. पूँजीगत :**</u><br>शिक्षा नियमावली २०५९ को नियम ९६(क) मा ५ जनाको शिक्षक छनौट समिति रहने व्यवस्था छ । तर समैजी आधारभुत विद्यालयले शिक्षक छनौटमा बैठक भत्ता बाफत ७ जनालाई रु ५०००। का दरले रु ३५०००। भुक्तानी भएकोमा नियमावली विपरित २ जनाको कर बाहेक रु ८५००। विद्यालयबाट असुल हुनुपर्ने रु. | ८५०० |
| २१ | ३०३/२०८०।३।२३ | वडा नं. ८ को कार्यालयको झाडि सरसफाई तथा स्तरोन्नतीमा ग्रावेल ढुवानी बाफत वडा सचिव जयलाल | २१०० |

| | | | |
|---|---|---|---|
| | | सिंह साहुलाई रु २७०००। ढुवानी भएकोमा सोमा नियमानुसार लाग्ने १० प्रतिशत बहाल कर रु २७००। कट्टी हुनुपर्नेमा रु ६००। मात्र कट्टी भएकोले बाँकी रु २१००। निजबाट असुल हुनुपर्ने रु. | |
| २२ | १७३/२०७९।१२।१३ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा मूल्य अभिवृद्धि कर नलाग्ने रु २००००। भन्दा कम रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा प्यान बिल जारि गर्न सकिने व्यवस्था रहेको छ । तर वडा सचिव जयलाल सिंह साहुले रु ३४३९०। को मू.अ. कर लाग्ने सामान खरिद गरेकोमा सोमा आय कर ऐन २०५८ अनुसार १५ प्रतिशत अग्रीम आय कर रु ५१५८। कट्टी हुनुपर्नेमा रु ५१५ मात्र कट्टी भएकोले बाँकी रु ४६४३। निजबाट असुल हुनुपर्ने रु. | ४६४३ |
| | | धरौटी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बिल तथा रनिङ्ग बिलहरु भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टी गर्ने व्यवस्था रहेको छ । कार्यलयले हेल्थपोष्ट भवन निर्माण कार्यको राजेन्द्र निर्माण सेवालाई रु २१००००० भुक्तानी गर्दा रु १८५८४०७ (भ्याट बाहेक) को ५ प्रतिशत धरौटी कट्टी गरेको देखिएन् । त्यसर्थ कर लाग्ने मूल्यको ५ प्रतिशत धरौटी रकम रु ९२९२० दाखिला गर्नुपर्ने रू. | ९२९२० |
| **जम्मा** | | | **२,९७,०२४।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७,०२४ |

३१.४

| क.सं. | बेरूजुको व्यहोरा | रकम |
|---|---|---|
| १ | २०७९।६।११ वडा सचिव मेखराज जोशीले गौरा तथा तिज कार्यक्रममा साउण्ड सिस्टम भाडामा लिए बाफत हेमन्त कार्कीलाई रु ६०००। भुक्तानी दिइएको भनिएको रकम रु ६०००। को भरपाईमा सही छाप नभएकोले उक्तरकम निजको नाममा बैंक दाखिला गरी सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्ने । अन्यथा उक्तरकम वडा सचिव मेखराज जोशीबाट असुल हुनुपर्ने रू | ६०००। |

| | | |
|---|---|---|
| २ | मिति २०७९।११।१७ विपद व्यवस्थापन, स्वास्थ्य सचेतना सम्बन्धि सूचना प्रसारण बाफत प्रसारित सामग्री पेश नगरि सफल एजेन्सी प्रा.लि. धनगढी कैलालीलाई रु ३००००। भुक्तानी भएकोमा प्रसारीत सामग्री पेश गर्नुपर्ने रू | ३००००। |
| ३ | मिति २०८०।०१।१२ आलिताल संरक्षण तथा विकास योजनाको शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन बाफत नक्कल बिजक पेश गरी ईफोर्ट मिडीया प्रा. लि. धनगढी कैलालीलाई रु ३२६५७। भुक्तानी दिएकोमा सक्कल कर बिजक पेश गर्नुपर्ने रू | ३२६५७। |
| ४ | मिति २०८०।०२।११ जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि पदम सिंह पुजारालाई सवारी मर्मत खर्चको बिजक पेश नगरि केवल निवेदन पेश गरेको आधारमा रु ३००००। भुक्तानी भएको देखिएकोले कारोबारलाई पुष्टयाई गर्ने बिजक पेश गर्नुपर्ने । अन्यथा निजबाट असुल हुनुपर्ने रू | ३००००। |
| ५ | मिति २०८०।३।१ वडा नं. ७ को बलौचा रहेका बाढी पिडीतहरुको समस्या रिपोर्टिङ गरे बाफत आवाज मिडिया कन्सल्टेन्सीले रु २००००। र गाउँघर मिडिया डडेल्धुराले रु १७५००। कार्यालय सँगको सम्झौता पेश नगरि नक्कल बिजकको आधारमा भुक्तानी लिएकोमा सक्कल बिजक र सम्झौता पेश गर्नुपर्ने रू | ३७५००। |
| ६ | मिति २०८०।३।१८ सूचना तथा सन्देश प्रसारण बाफत रेडियो युनिटी डडेल्धुरालाई रु २००००। नक्कल बिजक पेश गरेको आधारमा भुक्तानी भएकोमा सक्कल बिजक पेश गर्नुपर्ने रू | २००००। |
| ७ | मिति २०७९।१२।१६ कार्यालय सामग्री खरिद बाफत आरम्भ ट्रेडर्स कन्सर्न महेन्द्रनगरलाई रु ३१५८५। नक्कल बिजक पेश गरेको आधारमा भुक्तानी भएकोमा सक्कल बिजक पेश गर्नुपर्ने रू | ३१५८५। |
| | जम्मा | १८७७४२। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८७,७४२ |

३२ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले नविल बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वापत रु. ६,०२,१४,८८८ वितरण गरिएको देखिन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रु. ६,०२,३२,३१५ मध्ये सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु. १७,४१७ सङ्घीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ ।

३३ **अनुदान कार्यक्रम -** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको व्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने व्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | भुवनेश्वर मा बि | ICT LAB स्थापना | ६५००००।०० | सशर्त |
| २ | महादेव मा बि | ICT LAB स्थापना | ६४८०००।०० | |
| ३ | वालकृष्ण आ बि | पोत्साहन अनुदान | ६३६१९८।०० | गा पा अनुदान |

३४ **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन।जसवाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३५ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ४३ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| **क्र.स.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| १ | बर्मचारी प्रावि किमोडी | २ | २ | ८ | १:४ |
| २ | कृष्ण प्रा.वि. थली | १ | १ | ६ | १:६ |
| ३ | भगवती प्रावि पर्सेरावल | १ | १ | १४ | १:१४ |
| ४ | रौलेश्वर प्रावि फल्लेखर्क | २ | २ | ४३ | १:२१ |
| ५ | दुर्गा मा.वि. आलिताल | १६ | १६ | ५२३ | १:३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | शङ्करकेदार आ.वि. झरकाँडा | ३ | ३ | १५३ | १:५१ |
| ७ | जनज्योति आवि | ३ | ३ | २४२ | १:८० |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:४ देखि १:८० सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

३६ **सामादायिक सिकाई केन्द्र -** स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको ,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण शभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| **क्र.स.** | **सिकाई केन्द्रको नाम** | **रकम** |
|---|---|---|
| १ | आलिताल सामुदायिक सिकाई केन्द्र | २,००,०००। |
| २ | लालिगुरासँ सामुदायिक सिकाई केन्द्र | २,००,०००। |
| **जम्मा** | | **४,००,०००।** |

३७ **विद्यालयको लेखापरीक्षण** - पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७८।७९ को लेखापरीक्षण गर्न ४१ विद्यालयहरुलाई रु.४,५५,०००। भुक्तानी भएको छ । आ.व २०७९।८० को लेखापरीक्षणको क्रममा ३९ विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गर्न लगाई देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नु पर्दछ ।

३८ **अनुदान व्यवस्थापन -** कार्यक्रम कार्यान्यन पुस्तिका २०७९।८० मा भएको व्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने व्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा

कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| **क्र.सं.** | **विद्यालयलाई गएको अनुदान** | **रकम** | **विद्यालय** |
|---|---|---|---|
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २,५०,०००। | ५ |
| २ | पाठ्यपुस्तक अनुदान | २९,६४,३२५। | ४३ |
| ३ | छात्रवृत्ति | ८,५८,४००। | ४१ |
| **जम्मा** | | **४०,७२,७२५।** | |

३९ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई अनुदान निकासा प्रश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ४१ वटा विद्यालयलाई जम्मा रू.१०,०९,५००। निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकको पालना हुनुपर्दछ।

४० **गाउँपालिका शिक्षक -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले ४४ विद्यालयमा ५४ जना गाउँपालिका शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१,२१,१३,०७५। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले वित्तिय समानिकरण अनुदानवाट भुक्तानी भएको रकम रू.४७,२८,०००। नियम सम्मत देखिएन। यस्तो भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.सं.** | **भुक्तानी भएको स्रोत** | **भुक्तानी रकम** |
|---|---|---|
| १ | आन्तरिक श्रोत | १५,००,०००। |
| २ | राजश्व बाडफाड | ५८,८५,०७५। |
| ३ | वित्तिय समानिकरण अनुदान | ४७,२८,०००। |
| **जम्मा** | | **१,२१,१३,०७५।** |

४१ **बढी निकासा -**

......(मिति **२०८१-१-२** मा **छविलाल भट्ट** को **१०,७५२** सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको)

४२ **शैक्षिक गुणस्तर -** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४३ **संस्थागत विद्यालय अनुगमन -** पालिका भित्र ३ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनतः दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४४ **शिक्षक दरवन्दी र पदपुर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।

| **क्र.स.** | **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **पदपुर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | **प्रति शिक्षक बिद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|---|
| १ | ४३ | १५० | १४२ | ६४ | ४२२५ | १:३० |

४५ **वैकल्पिक उर्जा** - सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को दफा ४ को उपदफा १ मा सपार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले एभरेष्ट सोलार इनर्जी एण्ड कम्पनीसँग मु. अ. कर सहितको रु. ७,६४,२००.०० मा सोलार प्यानेल सिष्टम खरिद गरेकोमा निम्नानुसारको व्यहोरा देखियो ।

· स्पेशिफिकेशन तयार गरेको पाइएन,

· आपुर्तिकर्ता वैकल्पिक उर्जा प्रवर्दन केन्द्रमा सूचिकृत रहे नरहेको एकिन हुन सकिएन,

· जडान गरिएको सोलार सिष्टमको वारेन्टी कार्ड संलग्न छैन,

· भुक्तानीमा धरौंटी कट्टि गरेको पाइएन ।

यसर्थ, पालिकाले वैकल्पिक उर्जा खरिद गर्दा स्पेशिफिकेशन स्विकृती गर्नुपर्दछ । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट सूचिकृत भएको आपुर्तिकर्ताबाट खरिद गर्नु पर्दछ भने सोको वारेन्टी कार्ड पनि अनिवार्य संलग्न राखु पर्दछ ।

४६ **कामको अवस्था एकिन गर्न नसकिएको** - पालिकाको वडा नं ७ का विभिन्न ठाउँको माइनर तथा मेजर मर्मत तथा पहिरो हटाउने गरी लागत अनुमान तयार भई कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिन्छ । कार्यसम्पन्न प्रतिवेदनमा काम सम्पन्न भएको मिति उल्लेख नभएको र फिल्डमा काम नापजाँच गर्न नसकिएकोले सो कामको प्रगतिको बारेमा एकिन हुन सकिएन ।

४७ **दिवा खाजा** - आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ४३ विद्यालयका लागि दिवा खाजा बापत रू.६६,०५,५००। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

४८ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा विभिन्न बजेट उपशीर्षकबाट कुल रु.२७,३८,५७३। मुल्यका विभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामान पटक पटक सोझै खरिद गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको सम्बन्धित बिज्ञबाट एकिन गरी हस्तान्तरण तथा खरिद गरिएका सबै औषधिको सबै विवरण खुल्ने गरी अभिलेख राख्ने र खरिद कार्य गर्दा प्रतिस्प्रर्धाको लाभ प्राप्त हुने गरी खरिद गर्ने तर्फ पालिकाको ध्यान जान आबश्यक देखिन्छ ।

४९ **कृषि पकेट कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भए नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन नभएकोले अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि पकेट कार्यक्रमहरूः

| क्र.स. | गो भौ नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २६ १२६-२०७९।१०।२० | आलु पकेट | मल्लो गोदाम कृषक समुह | ५,६०,४९०। |
| २२ २ | २ २०३-२०७९।१२।१७ | आलु पकेट | मष्टादेव तरकारी वीउ उत्पादन कृषक समुह | ५,५०,०००। |
| **जम्मा** | | | | **११,१०,४९०।** |

५० **कर्षि कार्यक्रम**

५०.१ **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदान -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेशिनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनुपर्दछ ।

५०.२ **कृषि अनुदान -** स्थानीय सरकार संचालन ऐन २०७४ले कुनै कार्यक्रम कार्यान्वयन गर्दा कार्य बिधि निर्माण तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले कार्य बिधि निर्माण नै नगरी कृषि अनुदान बितरण गरेको नियम संगत हो भन्न सक्ने अवस्था देखिएन अत पालिकाले कार्यबिधि निर्माण गरी अनदान दिएका समुहको अनुगमन गरी कार्यक्रम उदेश्य बमोजिम प्रभावकारी भए नभएको प्रतिबेदन पेश गर्नतर्फ ध्यान दिनु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर न | पार्टीको नाम | भुक्तानी रकम | |
|---|---|---|---|
| १२६।२०७९।१०।२० | आलुबाली पकेट विकास कार्यक्रम | ५६०४९० | |
| २११।२०७९।१२।२१ | डोगटी बाख्रा पालन समुह | १२३००० | अनुगमन र निरोगिता प्रमाण नभएको |
| ४४४।२०८०।३।२४ | बैजनाथ कृषक समुह मकैवालि प्रबर्द्धन | १६३७६० | |
| ४३८।२०८०।३।२४ | मकैवालि प्रवर्द्धन | ३३६६५२ | |
| ४१३।२०८०।३।२१ | सुन्दर नगर कृषक समुह मकैवाली प्रवर्द्धन | २८०००० | |
| ४०८।२०८०।३।२० | भगवती कृषक समुह मकैवाली प्रवर्द्धन | ३१२५०० | |
| ४०७।२०८०।३।२० | जय लक्ष्मी मौरी महिला समुह बाख्रा पालन | ६२५००० | |
| २१७।२०७९।१२।१२ | भगवती कृषक समुह आलुबाली पकेट कार्यक्रम | ५३०००० | |
| २०३।२०७९।१२।१७ | मष्टादेव तरकारीउत्पादन कृषक समुह | ५५०००० | |

---

५१ **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परार्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. १,१०,०७,६९५. खर्च लेखेको छ । गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम (मु.अ. कर सहित)** |
|---|---|---|
| स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क मापदण्ड, २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | ३०,०००.०० |
| प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि, २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | ३०,०००.०० |
| गरिब विपन्न व्यक्तिहरुलाई राहत वितरण सम्बन्धि कार्यविधि, २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | ३०,०००.०० |

| | | |
|---|---|---|
| कृषक समूह गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर (दत्त बोहरा) | ९५,०००.०० |
| महिला स्वयम सेविका कार्यविधि, २०७९ | बझाङ बुङ्गल जनहित ल फर्म, महेन्द्रनगर | २५,०००.०० |
| संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | हुनैनाथ कन्सल्टिङ्ग सोलुसन प्रा.लि., काठमाडौं | ३,९६,०६५.०० |
| आलीताल गा.पा. को भु-उपयोग तर्जुमाका लागि स्वीकृत कार्यक्षेत्रगत शर्त, २०७९ | घण्टेश्वर ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. भक्तपुर | ९,९२,७०५.०० |
| गुनासो व्यवस्थापन प्रणाली (नमस्ते अध्यक्ष) | दैलो टेक्नोलोजी प्रा.लि., काठमाडौं | ४,९८,३३०.०० |
| जम्मा | | २०,९७,१००.०० |

तसर्थ पालिकाले आवश्यकता र ओचित्यताको आधारमा परामर्श सेवा खरिद गर्ने,सोको प्रतिवेदनलाई सम्पत्तिको रूपमा उपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५२ **डि.पि.आर खर्च**

व्यवस्था भई कार्यान्वयन हुने आयोजनाहरुको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस पालिकाले यो वर्ष देहाय बमोजिमको कार्य परामर्श दाताबाट प्रतिवेदन प्राप्त गरेको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम (मु.अ. कर सहित)** |
|---|---|---|
| वडा नं. ५,६,७ को वडा कार्यालयको थ्रिडि ड्रईङ तथा इस्ट्रक्चर ड्रईङ | ईलाइट ईन्जिनियरिङ्ग सोल्युसन, महेन्द्रनगर | ४,०१,१५०.०० |
| बाहिरसैन-भित्रिसैन-सिराडी रिङ रोड डिपिआर | शुभम डेभलपर्श एण्ड सप्लायर्स प्रा.लि. धनगढी | १९,५८,७४२.०० |
| जाल्टुणा ग्वान्नी सुकमुल्ले रोड डिपिआर | एसेन्ट बिल्डर्स एण्ड कन्सल्टयान्ट प्रा.लि. धनगढी | १९,४५,०१२.०० |
| घरेलु खिन्नेभाडि रोड डिपिआर | एच.एम. ईन्जिनियरिङ्ग एण्ड कन्सल्टिङ एलाईन्स प्रा.लि., काठमाडौं | १८,९१,४६१.०० |
| मेलगाँजा पार्क डिपिआर | त्रिनेत्र कन्स्टक्सन एण्ड कन्सल्ट प्रा.लि. धनगढी | ६,००,०००.०० |
| माङ्गेत हेल्थपोष्ट डिपिआर | ईलाइट ईन्जिनियरिङ्ग सोल्युसन, महेन्द्रनगर | ४,८५,९००.०० |

| | | |
|---|---|---|
| भाडि खानेपानी योजना डिपिआर | भागेश्वर बिल्डर्स एण्ड कन्सल्टयान्ट प्रा.लि. धनगढी | ७,४८,०६०.०० |
| सुनखोला-जुंगेखोला आ.ई.ई. | रिभा इन्भारोमेन्टल एण्ड ईन्जिनियरिङ्ग, महेन्द्रनगर | १३,७८,६००.०० |
| रंगुनखोला नदीको डिपिआर | दृष्टि आर्किटेक्टस एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. | १४,८०,३००.०० |
| सुनखोला जुंगेखोला तटबन्ध निर्माण योजना डिपिआर | द डिजाइन इन्फिनिटि कन्सल्सटयान्स | १९,७७,५००.०० |
| | | १,२८,६६,७२५.०० |

उल्लिखत डिपी आर को लागि निश्चित नर्म्सलाई आधार मानी दर विश्लेषणको आधारमा लागत अनुमान तयार गरेको प्रमाण लेखा परीक्षणको समयमा पेश हुन सकेन । सम्झौता पत्रमा काम सम्पन्न गर्ने समयावधि समेत उल्लेख छैन । परामर्शदाताले सम्झौंता भएको मितिले ३० दिनभित्र Professional Liability Insurance (पेशागत दायित्व बिमा) पेश गर्नुपर्नेमा सो गरेको पाइएन । डिपिआर गरीएका अधिकांश योजनाहरु कार्यान्वयनमा गएको समेत देखिएन ।पालिकाले आवश्यकता र औचित्यताको आधारमा योजनाहरूको डि.पि.आर.गरी कार्यान्वयनमा लैजानुपर्दछ।

---

५३ **धरौटी कट्टी नगरी भुक्तानी**

✂ **.......**(मिति **२०८१-१-२** मा **गड्तौला सप्लायर्स** को **२९०,९२५** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

५४ **कर छुटको वस्तुमा मुल्य अभिवृद्धि कर भुक्तानी**

गो. भौं. नं. ११।२०८०।०३।२४ प्रदेश हस्तान्तरित कार्यक्रमबाट नवप्रवर्तन कार्यक्रमको आई टि सामाग्री खरिद कार्य वापत श्री गड्तोला सप्लायर्सको कर बिजक नं. ४६१।२०८०।०३।१९ लाई भुक्तानी दिंदा सोलार प्यानेल ६०० वाटको ८ सेट प्रति सेटको रु. ३६,०००.०० को दरले रु. २,८८,०००.०० को मु अ कर रु. ३७,४४०.०० समेत भुक्तानी भएको छ । यसर्थ, कर छुटको वस्तुमा मु. अ. कर भुक्तानी दिएको रकम असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,४४० |

५५ **धरौटी कट्टी छुट भएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले निर्माण कार्यको बीलको भुक्तानी गर्दा रिटेन्सन मनी (धरौंटी ) वापत भुक्तानी रकमको ५ प्रतिशत कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठे. नं. ATLRM/NCB/WORKS/०१/२०७७/७८ Construction of ten bed Aalital Health Post Building कार्यको लागि निर्माण व्यवसायी श्री राजेन्द्र निर्माण सेवालाई गो भौं नं १।२०७९।०७।२३ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमबाट रु. २१,००,०००.०० भुक्तानी गर्दा धरौंटी रु. ९२,९२०.३५ कट्टि गर्न छुट भएको देखिन्छ । यसर्थ कट्टि गर्न छुट भएको धरौंटी रकम असुल गरी धरौंटी खातामा दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,९२०.३५ |

५६ **बढी पेश्की भुक्तानि**

......(मिति **२०८१-१-४** मा **सिताराम डोलारी जेभी** को **२२७,२८७.५१** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको )

५७ **ठेक्का व्यवस्थापन** - पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसारका कामहरु ठेक्का व्यवस्थापनबाट निम्नानुसारका कामहरु गरेको देखिन्छ ।

| सि. नं. | योजनाको नाम | ठेक्का नं. | ठेकेदार को नाम | सम्झौता मिति | सम्पन्न मिति | कबोल अंक | खुद भुक्तानी भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | Construction of Gankhet Health post | ATLRM/NCB/Works/०३/२०७९/०८० | Sitaram-Dolari JV | ३/३/२०८० | १/३०/२०८२ | २११६३६७.३१ | १७७५४०० | ८३.८८९०३ |
| २ | Construction of Aalital Play Ground | ATLRM/NCB/Works/०४/२०७९/०८० | M.B. Construction | २/३/२०८० | ३/२२/२०८० | **५७३२००५** | **५९८२५५१.१** | **१०४.३७१** |
| ३ | Construction of health post Building Bhahi | ATLRM/NCB/Works/०२/२०७९/०८१ | DR Construction | १२/०७/२०७९ | ३/२०/२०८० | २५०५२१८ | १४४५७१२ | ५७.७०८०३ |
| ४ | Construction of Ward office Building Ward no-५ | ATLRM/NCB/Works/०१/२०७९/०८२ | DR Construction | ११/१६/२०७९ | २०८०-१५ | ६३४१२१८ | ३७६५९३६ | ५९.३८८२१ |
| ५ | Construction of IT Building | ATLRM/NCB/Works/०१/२०७९/०८० | RK Nirman sewa | १२/२४/२०८० | ३/२०/२०८० | ११२८०६१.४९ | ११२६७५० | ९९.८८३७४ |
| ६ | Construction of Administrative | ATLRM/NCB/Works/० | YR-Panta JV | १२/१५/२०७८ | २/३०/२०८० | ५५४२०४९६.४७ | ८६१५९८६.५३५ | १५.५४६५७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | office building | | | | | | | |
| ७ | Construction of १० bed Aalital Health post Building | ATLRM/DAD/NCB/ Works/०१/२०७७/०७८ | Rajendra Nirman sewa | ३/१५/ २०७८ | ३/१५/ २०८० | ७३९९७५४१.०१ | ८३२०० ०० | ११.२ ४३६२ |
| ८ | Construction of Sunkhola - Jungekhola River training works | ATLRM/DAD/NCB /Works/०३/२०७९ /०८० | MS-Dep JV | ३/२१/ २०८१ | ३/२०/ २०८१ | ३३९८६९२४.५८ | २९७५० ०० | ८.७५ ३३६६ |

उल्लिखित ठेक्काको विवरणको अध्ययन गर्दा ठे नंATLRM/NCB/Works/०४/२०७९/०८० आलितालको खेलकुद ग्राउण्ड निर्माण कार्यको लागि एम बी कन्ट्रक्सनलाई सम्झौता रकम भन्दा रु. २,५०,५४६.१० बढी भुक्तानी भएको देखिन्छ । यसर्थ, सम्झौतामा उल्लिखित रकम भन्दा बढी भुक्तानी भएको रकम एकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,५४६.१ |

## ५८ उपभोक्ता समितिको काम

५८.१ **उपभोक्ताको काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको , एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू ३,२०,००,०००।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा

भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । केही उदाहरण निम्न छन ।

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | सुनाखोला राउजाली मेलागाजा सडक नि उ स | सडक निर्माण | २०७३६०० |
| २ | सुनाखोला राउजाली मेलागाजा सडक नि उ स | सडक निर्माण | २४००००० |
| ३ | बालकल्या आ बि घेरावार नि उ स | घेरवार निर्माण | ४८०००० |
| ४ | वडा न २ पासा समैजी मन्दिर नि उ स | मन्दिर निर्माण | ९५६८०१ |
| ५ | गौरीशंकर मा बि भवन निर्माण | भवन निर्माण | ३२५०००० |
| ६ | कैलपाल मन्दिर निर्माण उ स | मन्दिर निर्माण | ७१६३९२ |
| ७ | भाडी खानेपानी उ स | खानेपानी निर्माण | ७०६६२७ |
| ८ | कृष्ण प्रा बि भवन निर्माण | भवन निर्माण | २५००००० |
| ९ | समैजी प्रा बि भवन निर्माण | भवन निर्माण | २५००००० |
| १० | धाराखोला खानेपानी मुहान मर्मत | खानेपानी | २८६९३३ |
| ११ | निङ्गला सिचाई पोखरी निर्माण | पोखरी निर्माण | १८९६५२ |
| १२ | शिव पार्वती मन्दिर निर्माण उ स | मन्दिर निर्माण | १०८०००० |

५८.२ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सुनखोला राउजाली सडक निर्माण | सुनखोला राउजाली सडक निर्माण उ स | २४०००००।० |
| २ | रष्टिक स्टोर निर्माण | रष्टिक स्टोर निर्माण उ स | ९६५०००।०० |
| ३ | रंगुन नदीमा हयुमपाइप जडान | नायल कन्स्टकशन | ६७१४९३।०० |
| ४ | ILR रिफ्रिरेजेनेरेटर | शिवम सर्जिमेड एण्ड सप्लार्स | ३९८८९०।०० |
| ५ | गौरीशंकर मा बि भवन निर्माण | भवन निर्माण उ स | ३२५००००।० |

| | | | |
|---|---|---|---|
| ६ | भाडी खानेपानी योजना | भाडी खानेपानी योजना उ स | ७०६६२७।०० |

५८.३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

५८.४ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि किताबमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि किताबहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक वर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्ष्णको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

५८.५ **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको असूल गर्नु पर्ने देखिएको रू.

| गो.भौ.नं. | उपभोक्तासमिति र काम | मूल्याङ्कन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिक कट्टीरकम | शीर्षक |
|---|---|---|---|---|---|---|
| ६३।२०८०।२।२९ | गौरीशंकर मा बि भवन निर्माण | ३४२२७४९ | ३४२२७४ | १७२३४९ | १६९९२५ | सशर्त पुजिगत |
| १०७।२०८०।३।२४ | समैजी प्रा बि भवन निर्माण | २७७१८७२ | २७७१८७ | २७१८७२ | ५३१५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२।२०८०।३।२४ | सुनाखोला राउजाली मेलागाजा सडक नि उस | २१६००६४ | २१६००६ | ८६४६४ | १२९५४२ | सडक बोर्ड |
| ३।२०८०।३।१७ | सुनाखोला राउजाली मेलागाजा सडक नि उस | २४४५६१९ | २४४५६१ | ४५६१९ | १९८९४२ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०३,७२४ |

५८.६ **उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को१३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने व्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको व्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन् । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन ।अत यसरी गाउँपालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू

| योजनाको नाम | गो. भौ.न र मिति | निर्माण ब्यावसायी नाम | निर्माण ब्यावसायीले गरेको काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ढाडडुको सेलसम्म सडक नि उ स | ३१०।२०८०।३।२४ | कैलपाल निर्माण सेवा | सडक निर्माण | ३१८४६६ |
| खेलकुद मैदान नि उ स | २०८०।१।१२ | नायल कन्सटक्शन | मैदान निर्माण | ५६२८४५ |

मिति **२०८१-१-२** को निर्णयानुसार **५६२,८४५** को सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१८,४६६ |

५८.७ **व्यक्तीको नामबाट चेक जारी**: आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समिति गठन गरी निर्माण कार्य गरेकोमा उपभोक्ता समितिको खातामा रकम पठाउनु पर्नेमा सो नगरी व्यक्तिको नाममा चेक जारी गरी भुक्तानी दिएको नियमसंगत देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ छ । केही उदाहरण निम्न छन ।

| भौचर .न | उपभोक्ता समितिको नाम | चेक जारी गरेको व्यक्तीको नाम | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १०२।२०७९।११।३ | झुगाड काठे पुल नि उ स | रमेश सि महर | ९६०००।०० |
| १२२।२०७९।११।१६ | डोलाकाटे नाउलो घेरवार नि उ स | बिष्णा देबि गहमत | ९४७४६।०० |
| १०७।२०७९।११।३ | आखली खानेपानी मर्मत उ स | अन्तराम साउद | ९६००००।०० |
| ११०।२०७९।१०।४ | नयाँ गाउँ सिचाई कुलो नि स स | धनादेबि जैसी | १०००००।०० |

## ५९ राजस्व आन्तरिक नियन्त्रण

५९.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २४०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु. ४०११३५९ अर्थात अनुमान भन्दा ८३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५९.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७७३१५२३२ | ४०११३५९ | १.४५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५९.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमिकर/मालपोत | १०००००० | ५०१७११ | ५०.१७ |
| घरजग्गा वहाल कर | १०००००० | ५७८८६७.०३ | ५७.८९ |
| व्यवसाय कर | ५००००० | २६००१७ | ५२ |

| | | | |
|---|---|---|---|
| अन्य मनोरन्जन कर | २००००० | २०००० | १० |
| अन्य कर | १२००००० | ३०२९७४ | २५.२५ |
| सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | १५००००० | १९६७२३ | १३.११ |
| अन्य स्रोतबाट प्राप्त आय | ५००००० | ५००००० | १०० |
| अन्य सेवा शुल्क तथा बिक्री | ५००००० | ५२६६४ | १०.५३ |
| परीक्षा शुल्क | १००००० | ३३५०० | ३३.५ |
| अन्य प्रशासनिक सेवा शुल्क | ७००००० | २३४०१२ | ३३.४३ |
| सिफारिस दस्तुर | ७००००० | ५६७२९२ | ८१.०४ |
| व्यक्तिगत घटना दस्तुर | ५००००० | ३००३३५ | ६०.०७ |
| अन्य दस्तुर | १५००००० | २१७४६५ | १४.५ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६००००० | १५३४९० | २५.५८ |
| प्रशासनिक दण्ड जरिवाना | ३००००० | ५००५० | १६.६८ |
| अन्य राजश्व | ३६९०७७ | २१७३८ | ५.८९ |
| बेरुजु | ७००००० | २०५२१ | २.९३ |
| धरौटी सदरस्याहा | २००००० | ० | ० |
| जम्मा | १२०६९०७७ | ४०११३५९ | ३३.२४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

५९.४ **राजस्वको अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

## ६० बिबिध परीक्षण

६०.१ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्न भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात राखेको देखिएन । अत पालिका कार्यालय खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण बेगर निम्न व्यक्ति वा पार्टीलाई रकम भुक्तानी गरेको नियम संगत नदेखिएको रू

| भौचर न | व्यक्तीको नाम | कार्यको बिवरण | रकम | कैफिएत |
|---|---|---|---|---|
| ९।२०७९।६।११ | इन्धन बिल | जे सि बिको खर्च | २००२४७ | लक बुक र नापी किताव नभएको |
| ७२।२०७८।१०।२० | समैजी आ बि | फनिचर निर्माण ११जोडा | १००००० | बिधालय जिन्सी दाखिला प्रमाण नभएको |
| १७६।२०७९।१२।१३ | शिवबाबा इन्टरप्राईजेज | रोजगार कार्क्रमको लागी समान खरिद | ७००००० | प्राबिधिक मुल्याङ्कन नभएको |
| २१९।२०८०।१।१४ | किसान एग्रिकल्चर | पोलि हाउस खरिद | ३००००० | निर्माण गरेको प्रतिबेदन नभएको |
| ४४३।२०८०।३।२४ | सिता शक्ति इन्टरप्राइजेज | जस्तापाता खरिद | ७३७३२५ | बितरण भरपाई नभएको |
| ४३९।२०८०।३।२४ | जनयात्री प्रा लि | बिल मात्र पेश | ९४७९५ | समान उल्लेख नभएको प्रमाण पेश हुनु पर्ने |

| | |
|---|---|
| अनियमित भएको | २१,३२,३६७ |

६०.२ **व्यक्तीको नामबाट चेक जारी - आर्थिक** कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्न वडाको लागी समान खरिद गर्दा वडा सचिवको नाममा चेक जारी गरी कार्यालयका समान सोझै खरिद गरी वडा कार्यालयमा राख्ने गरेको र उक्त समान पालिका कार्यालयको जिन्सी खाता PAMS मा स्पेसिफीकेशन खुलाई दाखिला गरेको देखिएन । पालिका कार्यालयले नियमावली र स्थानिय सरकार संचालन ऐन २०७४को व्यवस्था बिपरित वडा कार्यालयलाई समान खरिद गर्न दिएको र खरिद गरेका समान जिन्सीखातामा दाखिला गरेको भरपाई पेश नभएको नियमसंगत देखिएन । अत पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी खरिद गरिएका समान बितरण र पालिका PAMSमा अभिलेख गरी जिन्सी खाता अधावधिक प्रमाण पेश गर्नु पर्ने देखिएको रू
केही उदाहरण निम्न छन ।

| भौचर .न | कार्यको नाम | चेक जारी गरेको व्यक्तीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३०५।२०८०।३।२३ | ल्यापटप खरिद | खेमराज जोशी | ९७१८० | स्पेशिफिकेशन खाली दाखिला नभएको |
| २३७।२०८०।२।३ | पाइप तथा अन्य खरिद | गोकुल ब साउद | ७०००० | बितरण भरपाई नभएको |
| २२५।२०८०।१।१७ | पाईप तथा अन्य खरिद | बिरेन्द्र ब धामी | २८२००० | जडान तथा बितरणको भरपाई नभएको |
| २००।२०७९।१२।२४ | पाईप तथा अन्य खरिद | मेखराज जैसी | २२१६३७ | जडान तथा बितरणको भरपाई नभएको |
| १८५।२०७९।१२।१५ | पाईप तथा अन्य खरिद | उत्तरी साउद | ३००००० | जडान गरेको प्रमाण पेश नभएको |

| | |
|---|---|
| अनियमित भएको | ९,७०,८१७ |

६०.३ **सम्झौता बेगर अन्य बाट कार्य गराएको -** पालिका कार्यालयले स्काभेटर र ब्याक होल लोडर भाडामा लिने गरी मिति२०७९।६।२ सुचना प्रकाशन गरी प्राप्त दरभाउ अनुसार सबैभन्दा घटी कबोल गर्ने भवानी युवराज निर्माण सेवा संग २०८०असार मसान्त सम्म समय मान्य हुने गरी सम्झौता गरेको देखिन्छ ।कार्यालयले यसरी सम्झौता गरेको अवस्थामा सम्झौता अनसुसार कार्यालयले सरसफाईको कार्य उक्त पार्टीबाट कार्य नगराई अन्य ५वटा निर्माण ब्यावसायीबाट कार्य गराई रु ३८,००,४११।०० भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौता एउटा संग गर्ने र कार्य अर्को पक्षबाट गराएको बिलका आधारमा भुक्तानी दिएको देखिएकोले कार्य वास्तिबक भएको हो भन्न सक्ने अवस्था देखिएन । अत कार्यालयले गरेका सम्झौता कार्यान्वयन गर्नु पर्दछ ।

| | | | |
|---|---|---|---|
| १५।२०७९।७।३ | वडा न ४ कोईलानी गेवान्नि जाल्टुडा सडक | सुरपाल निर्माण सेवा | ५८००६३।०० |
| १६।२०७९।७।३ | वडा न ७ घरेलु खिन्नेभाडी सडक | सुरपाल निर्माण सेवा | ८६०००३।०० |
| १९।२०७९।७।३ | वडा न ८ र ५का विभिन्न सडक सरसफाई | नाइल कन्स्टकशन | ५६७३८२।०० |
| १९।२०७९।७।२३ | वडान न ४ बयला सडक पानीगाड भारापानी सडक | सुरपाल निर्माण सेवा | ८३४७८२।०० |

| | | | |
|---|---|---|---|
| ३०।२०७९।८।२१ | वडान ५ अन्तरगतका विभिन्न सडक | नाईल कन्स्टकशन | १००४२२।०० |
| ३२।२०७९।८।२१ | वडान ८ अन्तरगतका विभिन्न सडक | नाइल कन्स्टकशन | २०००००।०० |
| ७६।२०७९।१०।२२ | वडा न ५ र ३ अन्तरगत बिभन्न सडक सफाई | नाइल कन्स्टकशन | ६५७७५९।०० |

६०.४ **नापी बेगरको भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ को (ख)मा कुनै कामको रकम भुक्तानी दिदा प्राबिधिक नापजाच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस कार्यालयले उक्त व्यवस्थाको पालना नगरी ब्याक्होल र स्काभेटर प्रयो गरेको भनी घन्टाका आधारमा भुक्तानी गरेको देखिन्छ । यसरी भुक्तानी गर्दा DORको नम्स अनुसार प्रति घन्टा नम्सले तोके अनुसार कटिङ्ग गरेको छ भनी एकिन हुने नापी किताव र अन्य कागजात भुक्तानी भौचरमा राखेको देखिएन । यसरी नापि किताव वा नापजाच नै नगरी मेशिन प्रयोग गरेको भनी वडाबाट सिफारिस भएको आधारमा रु ५२,९६,८९६।०० भुक्तानी गरेको रकम वास्तबिक हो भनी बिश्वस्त हुने आधार देखिएन ।अत कार्यालयले नापी किताव बेगर भुक्तानी गरेको रकम नियमसंगत नदेखिएको रू

| भौचर न | कामको नाम | पार्टीको नाम | भुक्तनी रकम | कैफिएत |
|---|---|---|---|---|
| १३।२०७९।७।२ | वडा न १ लामाचौर उडीकोट सडक कटिङ्ग | भवानी युवराज निर्माण सेवा | ६७३३८०।०० | ब्याकहोल र स्काभेटर को घण्टा उल्लेखगरेको |
| १५।२०७९।७।३ | वडा न ४ कोईलानी गेवान्नि जाल्टुडा सडक | सुरपाल निर्माण सेवा | ५८००६३।०० | |
| १६।२०७९।७।३ | वडा न ७ घरेलु खिन्नेभाडी सडक | सुरपाल निर्माण सेवा | ८६०००३।०० | |
| १९।२०७९।७।३ | वडा न ८ र ५का विभिन्न सडक सरसफाई | नाइल कन्स्टकशन | ५६७३८२।०० | |
| १९।२०७९।७।२३ | वडान न ४ बयला सडक पानीगाड भारापानी सडक | सुरपाल निर्माण सेवा | ८३४७८२।०० | |
| २८।२०७९।८।२० | वडा न २ गौरा गाङ्खेत तोलातोली सडक | भवनी युरावराज निर्माण सेवा | १९९७१०।०० | |
| २९।२०७९।८।२० | वडान १ लामिचौर निकाने सडक | भवनी युरावराज निर्माण सेवा | ३९८६१०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३०।२०७९। ८।२१ | वडान ५ अन्तरगतका विभिन्न सडक | नाईल कन्स्टकशन | १००४२२।०० | |
| ३२।२०७९। ८।२१ | वडान ८ अन्तरगतका विभिन्न सडक | नाईल कन्स्टकशन | २०००००।०० | |
| ६९।२०७९। १०।१९ | वडा न १ र २ का विभिन्न सडक सफाई | भवनी युरावराज निर्माण सेवा | २२४४८५।०० | |
| ७६।२०७९। १०।२२ | वडा न ५ र ३ अन्तरगत बिभन्न सडक सफाई | नाईल कन्स्टकशन | ६५७७५९।०० | |

| | |
|---|---|
| अनियमित भएको | ५२,९६,५९६ |

६०.५ **कट्टी कर दाखिला नभएको -** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा कुनै रकमको भुक्तानी दिदा अग्रीम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्न कार्यको लागी लगेको रकमको पेश्की फ्रछयौट गर्दा अग्रीम कर कट्टी गरेको रकम राजस्व खातामा दाखिला गरेको प्रमाण भौचर साथ राखेको देखिएन । अत पालिका कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको भए प्रमाण पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल हुन पर्ने देखिएको रू

| भौचर न | पेश्की फ्रछयौट गर्नेको नाम | कामको नाम | कट्टी रकम |
|---|---|---|---|
| ४५३।२०८०। ३।२४ | त्रिभुवन भट्ट | मकैवाली प्रवर्द्धन कार्यक्रम<br>१)२२जना कृषकको नामबाट कट्टी भएको रू १९८००<br>२) गाडीभाडा बापत कट्टी भएको रू २४५०।०० | २२२५०।०० |
| ४५२।२०८०। ३।२४ | धन बहादुर मैड | १)तथ्यांङक संकलनको बाट कट्टी रू ६०००।००<br>२)बैटक भत्ता वापत कट्टी रू १५००।०० | ७५००।०० |
| ४५१।२०८०। ३।२४ | त्रिभुवन भट्ट | किसान सुचिकरण<br>१)भत्ता बितरण ५२५००को रू ७८७५।००<br>१) गाडी भाडा भुक्तानीको रू ३०००।०० | १०८७५।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६२५ |

६०.६ **अमानतको कार्य -** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९८को ३ मा अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रूपैपा नबढाई खण्ड खण्ड गरी बार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सक्ने व्यवस्था छ । यस पालिका कार्यालयले विभिन्न शीर्षकबाट

अमानतको कार्य पालिका कर्मचारीलाई रकम भुक्तानी दिई गराएको देखिन्छ ।यसरी नियमावलीको व्यवस्था बिपरीत सामाग्री सहितको रकम कर्मचारीलाई दिई कार्य गरेको नियम संगत देखिएन। अतः यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

| शीर्षक | अमानत संख्या | रकम |
|---|---|---|
| गाउँपालिका | १५ | ९०००००।०० |

६१ **मुल्य अभिवृद्धि करमा दर्ता नभएकासङ्ग खरिद** - मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा रू. २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा दर्ता भएको व्यक्ति, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले रू. २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएका फर्म मार्फत सामान खरिद गरेको छ।यस्तो कार्यमा सुधार हुनुपर्ने देखिन्छ।केहि उदाहरण हरू निम्नानुसार छन्।

| **क्र.सं.** | **भौ.नं.।मिति** | **आपुर्तिकर्ताको नाम** | **कारोवार रकम** |
|---|---|---|---|
| १ १ | ४४ २८३,२०७९।०८।२० | न्यु भुमिराज होटल एण्ड लज | ४८,८७५। |
| २ | ५२३,२०७९।१०।२५ | जोशी होटल एण्ड लज | ७४,४८०। |
| ३ | ६५३-२०७९।११।१७ | वि.आर. मदिरा एण्ड खुद्रा पसल | ४८,४००। |
| ४ | ८४०-२०७९।१२।२४ | लाटो डाडा वाग गारमेन्ट उद्योग | २८,८००। |
| **जम्मा** | | | **२,००,५५५।** |

६२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६३ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार कुनै आर्थिक वर्षमा सृजित दायित्वको बजेट अभावका कारण भुक्तानी दिन नसकेमा भुक्तानी बाँकीको विवरण म. ले. प. फा. नं. २२२१ सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने र सोको आधारमा पछिल्लो आर्थिक वर्षमा भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाले गो. भौं. नं. १८।२०७९।११।०३ संघीय हस्तान्तरित पुँजीगतबाट झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम बाट भुक्तानी गरिएको रकम रु. १,२६,६२२.०० गत वर्षको भुक्तानीलाई भुक्तानी बाँकीको बिवरण म. ले. प. फा. नं. २२१ प्रमाणित नगरी भुक्तानी गरेको छ । यसर्थ, नियम विपरित देखिएको खर्च रु.

| | |
|---|---|
| अनियमित भएको | १,२६,६२२ |

६४ **तालिमको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न कार्यक्रम सञ्चालन गरेकोमा रकम भुक्तानी प्रश्चात उक्त खर्च रकमको अनुगमन, प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसवाट भुक्तानी रकमको अपेक्षित प्रतिफल प्राप्त भएको सम्बन्धमा एकिन हुन सकिएन। अतः रकम भुक्तानी प्रश्चात अनिवार्य रूपमा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्नुपर्ने देखिन्छ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| १ | ६-२०७९।०५।२९ | पोषण समिक्षा गोष्ठी | ४८,४००। |
| २ | ७-२०७९।०५।२९ | खोप समिक्षा गोष्ठी | ७९,३४० |
| ३ | १८-२०७९।०६।२७ | स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम | १,०८,५८५। |
| **जम्मा** | | | **२,३६,३२५।** |

६५ **प्रतिलिपिको आधारमा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम प्रतिलिपिको आधारमा भुक्तानी गरेको रू. ६६,०००। को सक्कल बील भरपाई पेश हुनुपर्ने रू.

| **क्र.सं.** | **गो.भौ.न. मिति** | **फर्म** | **रकम रकम** |
|---|---|---|---|
| १ | ३२४-२०७९।०८।२५ | नेपाल विद्युत्त प्राधिकरण | २१,०००।। |
| २ | १२२७-२०८०।०३।१८ | हार्दिक मिडिया एजेन्सी | ४५,०००।। |
| **जम्मा** | | | **६६,०००।।** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,००० |

६६ **सोझै खरिद**

६६.१ **कोटेशनको कार्य** - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य

कोटेशनद्रारा गरेको देखिन्छ । यसरी विभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.०० प्रतिशत देखि १ .५६ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १५ देखि ३० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| ३१।२०७९।८।२१ | रघुनदीमा हयुमपाइप जडान | ६७९९३४।०० | ६७१४९३।०० | ०.७१ |
| ३८।२०७९।८।२९ | वडा न४ सडक सरसफाई | ५९९८५३।०० | ५९५०८४।०० | ०.७० |
| ६०।२०७९।१०।१८ | गोलेथा पर्सेरावल सडक सरसफाई | ७७५७१५।०० | ७६३६०२।०० | १.५६ |
| ७६।२०७९।१०।२२ | वडा न ६ सडक सरसफाई | ९१७८१२।०० | ९११२५७।०० | ०.७१ |

६६.२ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने व्यवस्था छ भने १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै व्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र विभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ । यसरी कानुनमा भएको व्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र विभिन्न पार्टीसंग पटक पटक पुजिगत शीर्षकबाट खरिद गरेको रु.७२,४७,७१५।०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छन् ।

| भौचर नं. | योजना तथा कार्यक्रमको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| ८६।२०७९।१०।२३ | वडा न ६ फल्लेक अम्लेगडा घोडेखान हुदै सडक निर्माण | न्यू बिष्णु निर्माण सेवा | ८६८३६८।०० |
| ८६।२०७९।१०।२३ | वडा न४ कोईलानी पानीगडा सडक निर्माण | सुरपाल निर्माण सेवा | १२८५७०।०० |
| ९२।२०७९।१०।२९ | वडान ७ बान्नेगडा मेलागजा सडक निर्माण | भुमिराज निर्माण सेवा | ७६८८४२।०० |

| | | | |
|---|---|---|---|
| १५०।२०७९।११।१९ | वडा न५ बहिरासैन सिमलखेत सडक निर्माण | डि एन निर्माण सेवा | १९६२१५।०० |
| २१५।२०८०१।१३ | वडा न२ एक्ले पातल मेलडाडा सडक निर्माण | आर के निर्माण सेवा | ७६८९६५।०० |
| २१५।२०८०१।१३ | वडा न१ छीणा पोखरी झुरकाडा तिमुली सडक निर्माण | भवनी युवराज निर्माण सेवा | ७४०४७५।०० |
| २३९।२०८०।२।३ | वडा न ३ सत्यदमाड वेतन्ना पड्याम रकसौन सडक निर्माण | जय सिगास निर्माण सेवा | ९१३२६६।०० |
| २३९।२०८०।२।२४ | वडा न ७ धैरेनीचाई सडक निर्माण | बिपिन निर्माण सेवा | ७०९१९९।०० |
| २९३।२०८०।३।२१ | वथाड सडक निर्माण | भुमिराज निर्माण सेवा | ९७३८८७।०० |
| ३१०।२०८०।३।२४ | ढाडडु सुदुम सडक निर्माण | कैलपाल निर्माण सेवा | ३१८४६६।०० |
| २९३।२०८०।३।२१ | जैसिना झरना सडक निर्माण | भुमिराज निर्माण सेवा | ९६१५६२।०० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **उपभोक्ताको काम निर्माण ब्यावसायीबाट गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को१३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने व्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको व्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन ।अत यसरी गाउँपालिकामा पेश भएको बिजकको | ९२०००.०० |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू<br>
<table>
<tr><td>योजनाको नाम</td><td>गो. भौ.न र मिति</td><td>निर्माण व्यवसायी नाम</td><td>निर्माण ब्यावसायीले<br><br>गरेको काम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>खेलकुद मैदान नि उ स</td><td>२०८०।१।१२</td><td>नायल कन्सटक्शन</td><td>मैदान निर्माण</td><td>९२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थान: आलिताल गाउँपालिका, डडेल्धुरा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र सिंह ठगुन्ना | २०७९-६-२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गणेशदत्त भट्ट | २०७८-११-११ | २०७९-५-३० |
| लेखा प्रमुख | पारसमणी साउद | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७१२,०७६.८६ | ९,७४५,६८५ | २,३३५,९५२.१ | ० | ० | ९,९५०,४०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २३,७४४,११३.९६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,०६६,८०९.५१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ९२,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,७६९,३०४.४५ |

स्थानीय तह : अलिताल गाउँपालिका, डडेल्धुरा

| **गत वर्षको जिम्मेवारी** | | २४२१७४८०.७३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८६४७४५८१.६ | **चालु खर्च** | २९१३८२५७४.७ |
| **प्रदेश सरकारबाट अनुदान** | १७१०३६९४ | **पूँजीगत खर्च** | १०५५१५५९७ |
| **राजश्व बाँडफाँट** | ७८९७४७०९.०३ | **वित्तीय/अन्य व्यवस्था** | ६९९६४७३३ |
| **आन्तरिक आय** | ४२७४२४४.२३ | | |
| **अन्य आय** | ७५९७६००८.७ | | |
| **कुल आय** | ४६२८०३२३७.५६ | **कुल खर्च** | ४६६८६२९०४.७ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | २०१५७८१३.५९ |